धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०६५ को अनुसूचि १४ (नियम २२ को उपनियम (२) संग सम्बन्धित)

# नेरुडे लघुवित्त विकास बैंक लिमिटेड

**(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)**

केन्द्रीय कार्यालय, विराटनगर

फोन नं. ०२१-५३१०८७/५२४५६०

## आ.ब. २०७३/०७४ को चौथो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

**(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण :** बैंकको चौथो त्रैमासिक अबधि आ.ब. २०७३/०७४ को अपरिष्कृत (Unaudited) वासलात, नाफा नोक्सान हिसाब सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**(ख) प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ३०.९४ | ४१.५३ | २२९.६२ | १२८८.३१ | २०.६९ |

**२. व्यवस्थापकीय विश्लेषण :**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :** कारोबारको बृद्धि संगै बैंकको मौज्दात, आम्दानी र तरलतामा संतोषजनक रुपमा बृद्धि भएको छ ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** राष्ट्रिय स्तरको यस लघुवित्त विकास बैंकले आफ्नो स्थापनाकालदेखि नै गरिवी न्यूनिकरण गर्ने उद्देश्यले नेपाल भरिनै लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडि बढिरहेको छ । समय सापेक्ष ग्राहक सदस्यहरुको चाहाना बमोजिम आफुले प्रदान गर्ने सेवालाई परिस्कृत गर्दै लैजान बैंक व्यवस्थापन प्रतिबद्ध रहेको छ । हाल देशको विभिन्न स्थानहरुमा ७१ वटा शाखा तथा उपशाखा कार्यालय मार्फत १०९,८१३ विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ । यस बैंकले नविनतम प्रविधिको प्रयोग गरी छिटो छरितो र विश्वसनिय सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ । यस बैंकले कृषि, पशुपालन, सेवा व्यवसाय, लघु उद्यम जस्ता व्यवसायहरु संचालनको लागि विशेष गरी महिलालाई केन्द्रित गरेर लघुवित्त सेवा उपलब्ध गराउदै आएको छ । आर्थिक बर्ष २०७४/७५ मा वित्तीय पहुँच नपुगेका ग्रामीण क्षेत्रमा शाखा विस्तार गरि अझ प्रभावकारी रुपमा सेवा तथा सुविधाको विस्तार गर्ने लक्ष्य रहेको छ । कर्जाको गुणस्तर सुधार गरी लघुवित्तको क्षेत्रमा बैंकले आर्जन गरेको नेतृत्वदायी भूमिकालाई अझ बढी प्रभावकारी बनाउने योजना समेत रहेको छ ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** बर्तमान अबस्थामा देशमा रहेको राजनैतिक अस्थिरता, बाणिज्य बैंकहरुले कर्जामा लिने ब्याजदर, लघुवित्त संस्थाहरु बिचको अस्वस्थ प्रतिस्पर्धा आदि कारणले संस्थाको कारोवारलाई असर पर्न सक्छ तथापि संस्थाले तय गरेको कुशल कार्य नीतिका कारण गम्भीर समस्या ब्यहोर्नु परेको छैन ।

### ३. कानुनी कार्यवाही सम्बन्धी विवरण :

(क) यस चौथो त्रैमासिक अवधिमा बैंकले कसैको बिरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र बैंकको विरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन ।

(ख) बैंकका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

### ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

(क) देशको राजनीतिक तथा आर्थिक अवस्था, नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको नीतिहरुको कारण धितोपत्र बजारलाई असर पारी बजारमा सामान्य उतारचढाव भएतापनि यस बैंकको शेयर कारोबार तथा मूल्य उत्साहजनक रहेको छ ।

(ख) स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट www.nepalstock.com अनुसार यस चौथो त्रैमासिक अबधिमा यस बैंकको शेयरको कारोवार निम्नानुसारले भएको देखिन्छ ।

| अधिकतम मुल्य | न्यूनतम मुल्य | अन्तिम मुल्य | कारोबार कुल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| १,४७० | १,२४० | १,२८५ | ५६ | १७४,६६० |

### ५. समस्या तथा चुनौती :

बैंक तथा वित्तीय संस्थाहरु स्थापना तथा संचालन हुने क्रम जारी रहेको हुँदा बढ्दो अस्वस्थ प्रतिस्पर्धाले कर्जाको दोहोरोपनामा वृद्धि भैरहेकोले थप समस्या तथा चुनौती महसुस गरिएको छ । विद्यमान आर्थिक तथा राजनैतिक वातावरण, बाणिज्य बैंकहरुले कर्जामा लिने ब्याजदर, उच्च मुल्य वृद्धिले संचालन खर्चमा वृद्धि भएको छ । बैंकले सेवामा विविधिकरण गर्दै र खर्चमा मितव्ययीता अपनाई, उपयूक्त व्यवसायीक रणनीतिको तर्जुमा गरी कार्य संचालन गर्दै आइरहेको छ ।

### ६. संस्थागत सुशासन :

नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरुः कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदी पालना गरिएको छ । बैंकको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, आन्तरिक लेखापरीक्षण निर्देशिका, व्यवस्थापन सूचना प्रणाली नीति, जोखिम व्यवस्थापन निर्देशिका, लगानी नीति, समुह व्यवस्थापन, कर्जा, बचत तथा कोष नीति लगायतका नीति, नियम, निर्देशिकाहरु बनाइ पालना गरिएको छ । व्यवस्थापनको साथै आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ गर्न लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समितिले सक्रिय रुपले कार्य गरिरहेका छन् ।

### ७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पुर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।

NRB Directive
Form No. 9.5

# NERUDE LAGHUBITTA BIKAS BANK LTD.


## Head Office : Biratnagar

**Phone No : 021-524560, Fax No : 021-531087**

**E-mail : nerude@wlink.com.np**


## Unaudited Financial Results (Quarterly)

**As at end of fourth Quarter (31/03/2074) of the Fiscal Year 2073/074 (2016/2017)**

*(Rs. in '000)*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **3942231.41** | **3431780.97** | **2425842.42** |
| 1.1 | Paid-up Capital | 306000.00 | 216000.00 | 216000.00 |
| 1.2 | Reserves and Surplus | 396637.84 | 221886.82 | 118811.37 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 1648414.71 | 1529825.00 | 1008451.75 |
| 1.5 | Deposits (a+b) | **1138036.35** | **1031244.69** | **810895.24** |
| | a. Domestic Currency | 1138036.35 | 1031244.69 | 810895.24 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | | 518.98 | |
| 1.7 | Other Liabilities | 453142.51 | 432305.47 | 271684.06 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **3942231.41** | **3431780.97** | **2425842.42** |
| 2.1 | Cash & Bank Balance | 576613.36 | 300027.75 | 272439.13 |
| 2.2 | Money at call and short Notice | | | |
| 2.3 | Investments | 12319.60 | 12319.60 | 10319.60 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **3095240.12** | **2989538.76** | **2091058.01** |
| 0 | a. Real Estate Loan | **0.00** | **0.00** | **0.00** |
| 0 | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | | | |
| 0 | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| 0 | 3. Income generating Commercial Complex Loan | | | |
| 0 | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | | | |
| 0 | b. Personal Home Loan of Rs. 10 million or less | | | |
| 0 | c. Margin Type Loan | | | |
| 0 | d. Term Loan | | | |
| 0 | e. Overdraft Loan / TR Loan / WC Loan | | | |
| 0 | f. Others | 3095240.12 | 2989538.76 | 2091058.01 |
| 2.5 | Fixed Assets | 41672.75 | 34254.28 | 24169.94 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 216385.58 | 95640.58 | 27855.74 |

| | | | | |
|---|---|---|---|---|
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 516736.07 | 366014.18 | 360124.45 |
| 3.2 | Interest Expense | 200621.56 | 129427.94 | 113744.14 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **316114.51** | **236586.24** | **246380.31** |
| 3.3 | Fees Commission and Discount | 1351.59 | 969.01 | 102.74 |
| 3.4 | Other Operating Income | 77694.10 | 55757.55 | 42016.33 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **395160.19** | **293312.81** | **288499.38** |
| 3.6 | Staff Expenses | 178635.66 | 129765.19 | 132075.19 |
| 3.7 | Other Operating Expenses | 47106.81 | 29343.23 | 27340.55 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **169417.72** | **134204.39** | **129083.64** |
| 3.8 | Provision for Possible Loss | 20638.17 | 10735.79 | 12244.91 |
| **D** | **Operating profit (C-3.8)** | **148779.55** | **123468.60** | **116838.73** |
| 3.9 | Non Operating Income/Expenses (Net) | | | 0.00 |
| 3.10 | Write Back of Provision for Possible Loss | | | 8819.65 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **148779.55** | **123468.60** | **125658.38** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **148779.55** | **123468.60** | **125658.38** |
| 3.12 | Provision For Staff Bonus | 13525.41 | 11224.42 | 11423.49 |
| 3.13 | Provision For Tax | 40576.24 | 33673.25 | 33225.32 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **94677.90** | **78570.93** | **81009.57** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 18.19% | 14.41% | 17.73% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.87% | 0.83% | 1.09% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 150.27% | 149.83% | 173.71% |
| 4.4 | Cost of Funds | 9.95% | 9.38% | 6.95% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 271.98% | 289.90% | 262.86% |

**Note :** If the statutory and supervising authority notifies to change the Un-Audited Financial Statement, the final figures may change accordingly.